# भाग ५

## नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

## सजायमा छुट दिने मागदाबी सम्बन्धी निर्देशिका, २०८०

**प्रस्तावना:** सजाय छुटको मागदाबी सम्बन्धी कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सो सम्बन्धी कार्यविधिलाई स्पष्ट र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९७ को उपदफा (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताको राय लिई नेपाल सरकारले यो निर्देशिका बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "सजायमा छुट दिने मागदाबी सम्बन्धी निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका नेपाल राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "पीडित" भन्नाले अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ञ) बमोजिमको पीडित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्ति सम्झनु पर्छ र सो शब्दले पीडितको मृत्यु भएको अवस्थामा निजको हकवालालाई समेत जनाउँछ।

(ख) "वार्ता" भन्नाले सजाय छुट वा कम गर्ने मागदाबी सम्बन्धमा अनुसन्धान अधिकारी, सरकारी वकील, अभियुक्त तथा पीडित पक्षबीच दफा ९ बमोजिम गरिने छलफल वा संवाद सम्झनु पर्छ ।

(ग) "सजाय छुटको मागदाबी" भन्नाले दफा ३ मा उल्लिखित कानूनी व्यवस्था बमोजिम सजाय छुटको लागि गरिने मागदाबी सम्झनु पर्छ ।

(घ) "सम्झौता" भन्नाले अभियुक्त, अनुसन्धान अधिकारी र सरकारी वकीलबीच सजायमा छुट वा कम गर्ने मागदाबीका लागि दफा १० बमोजिम भएको सम्झौता सम्झनु पर्छ ।

## परिच्छेद-२

## सजाय छुट दिने मागदाबी सम्बन्धी प्रक्रिया

३. **यो निर्देशिकाको प्रक्रिया अवलम्बन गर्नेः** (१) सजाय छुटको मागदाबी लिंदा यो निर्देशिकाको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(२) देहायका कानूनमा उल्लिखित कसूरमा अनुसन्धान तथा तहकिकातको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान गर्ने अधिकारीले आफ्नो साक्षीको रुपमा प्रस्तुत गरी निजलाई सम्बन्धित कानूनमा उल्लेख भए बमोजिम सजायमा छुट दिन मागदाबी लिन सक्नेछः-

(क) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५,

(ख) बैङ्किङ कसूर तथा सजाय ऐन, २०६४ को दफा २६,

(ग) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४।

(३) देहायका कानूनमा उल्लिखित कसूरमा अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको कसूर स्वीकार गरी सो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकील वा अदालतलाई सहयोग पुऱ्याएमा निजलाई सम्बन्धित कानूनमा उल्लेख भए बमोजिम सजायमा छुट दिने मागदाबी लिन सकिनेछः-

(क) लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ग.,

(ख) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २१,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सङ्गठित अपराध निवारण ऐन,२०७० को दफा २१।

(४) देहायका कानूनमा उल्लिखित कसूरमा अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको कसूर स्वीकार गरी त्यस्तो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न वा अनुसन्धान वा अभियोजन वा अदालतलाई सहयोग पुऱ्याएमा निजलाई सम्बन्धित कानूनमा उल्लेख भए बमोजिम सजायमा छुट दिने मागदाबी लिन सकिनेछः-

(क) मुलुकी अपराध संहिता, २०७४ को दफा ४७,

(ख) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३।

४. **सजाय छुट हुने जानकारी दिने:** (१) अनुसन्धान अधिकारीले अभियुक्तको बयान लिनु अघि सजायमा छुट दिन वा कम गर्न सकिने कानूनी व्यवस्था, यस सम्बन्धी प्रक्रिया तथा परिणामको बारेमा अभियुक्तले बुझ्ने गरी जानकारी दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी दिँदा अभियुक्तलाई सजाय छुट सम्बन्धी वार्तामा सहभागी हुन र सो सम्बन्धी निर्णय लिन आवश्यक सूचना उपलब्ध गराउने तथा निजको कानून व्यवसायी वा निजले रोजेको व्यक्तिलाई सो सम्बन्धी प्रक्रियामा सहभागी गराउन सक्ने कुरा समेत जानकारी दिनु पर्नेछ।

५. **निवेदन दिने:** दफा ४ बमोजिमको जानकारी पाए पछि अभियुक्त सजाय छुट हुने प्रक्रियामा सहभागी हुन मञ्जुर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएमा निजले अनुसूची-१ बमोजिमको ढाँचामा अनुसन्धान अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

६. **अनुसन्धान अधिकारीले अवलम्बन गर्ने प्रक्रियाः** (१) दफा ५ बमोजिम अभियुक्तले निवेदन दिएमा अनुसन्धान अधिकारीले सम्बन्धित अभियुक्त सजाय छुट दिने मागदाबीको प्रक्रियाका लागि योग्य वा सक्षम भए नभएको सम्बन्धमा देहायका आधारमा यकिन गर्नु पर्नेछः-

(क) पहिले सजाय छुटको सुविधा पाए वा नपाएको,

(ख) कैद सजाय पाएकोमा त्यस्तो कैद भुक्तान गरेको अवधि तीन वर्ष पूरा भए वा नभएको,

(ग) जुन कसूरमा अभियोग लगाइने हो त्यस्तै कसूरमा पहिले सजाय पाए वा नपाएको।

(२) उपदफा (१) बमोजिमको आधारमा यकिन गर्दा त्यस्तो अभियुक्त सजाय छुट पाउन योग्य देखिएमा अनुसन्धान अधिकारीले देहायको कार्य गर्नु पर्नेछः-

(क) कसूरको सम्बन्धमा सरकारी वकील समक्ष बयान लिने,

(ख) अभियुक्तले बयानमा उल्लेख गरे बमोजिम कसूरसँग सम्बन्धित प्रमाण सङ्कलन गर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिम अभियुक्तको बयान र सङ्कलित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रमाणको आधारमा कानून बमोजिम हुने सजायमा छुटका लागि अनुसूची-२ बमोजिमको सिफारिस सहित प्रचलित कानून बमोजिम सरकारी वकील समक्ष अनुसन्धान प्रतिवेदन पेश गर्ने।

७. **सरकारी वकीलले विचार गर्नेः** (१) दफा ६ को उपदफा (२) को खण्ड (ग) बमोजिमको सिफारिस सहितको अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि सजाय छुट दिने मागदाबी लिने सम्बन्धमा सरकारी वकीलले देहायका विषयमा विचार गर्नु पर्नेछः–

(क) अनुसन्धान अधिकारीले पेश गरेको सिफारिस सहितको प्रतिवेदन अनुसार सजायमा छुट दिई मागदाबी लिन मिल्ने नमिल्ने,

(ख) अभियुक्तले पेश गरेको निवेदन, बयानको व्यहोरा र अनुसन्धानका आधारमा प्रमाण सङ्कलन गर्न, त्यस्तो कसूरमा संलग्न अन्य कसूरदार वा त्यसको गिरोह वा मतियारलाई पत्ता लगाउन सहयोग भए नभएको,

(ग) अनुसन्धान अधिकारीको सिफारिस वा मिसिल संलग्न कागजातबाट



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अभियुक्तले अनुसन्धानमा सहयोग गरे नगरेको।

(२) उपदफा (१) बमोजिम विचार गर्दा सरकारी वकीलले अभियुक्त कसैको अनुचित प्रभाव, करकाप, दबाब वा झुक्यानमा परे वा नपरेको र निजले स्वेच्छापूर्वक कसूर स्वीकार गरे वा नगरेको कुरा समेत यकिन गर्नु पर्नेछ।

८. **वार्ताको लागि सूचना दिनेः** (१) दफा ७ बमोजिम विचार गर्दा अभियुक्तले अनुसन्धानको काम कारबाहीमा सहयोग पुऱ्याएको वा आफूले गरेको कसूर स्वीकार गरी त्यस्तो कसूरका सम्बन्धमा प्रमाण जुटाउन वा त्यस्तो कसूरमा संलग्न अन्य कसूरदार वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न अनुसन्धान वा अभियोजन पक्षलाई सघाउ पुऱ्याएको आधारमा प्रचलित कानून बमोजिम अभियुक्तलाई सजाय छुट दिन सकिने अवस्था देखिएमा सरकारी वकीलले अभियोगपत्र पेश गर्नु अघि वार्तामा संलग्न हुन अभियुक्त वा निजको कानून व्यवसायी वा प्रतिनिधि र अनुसन्धान अधिकारीलाई छिटो माध्यमद्वारा अनुसूची-३ बमोजिमको ढाँचामा सूचना दिनु पर्नेछ।

(२) दफा ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकारीले सजाय छुटको सिफारिस नगरेको अवस्थामा समेत अभियुक्तको बयान र मिसिल संलग्न कागजातको आधारमा अभियुक्तले आफूले गरेको कसूर स्वीकार गरी त्यस्तो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, त्यस्तो कसूरमा संलग्न अन्य कसूरदार वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न अनुसन्धान वा अभियोजन पक्षलाई सघाउ पुऱ्याएको र अभियुक्तले सजाय छुटको प्रक्रियामा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहभागी हुनको लागि निवेदन दिएको र सोको आधारमा प्रचलित कानून बमोजिम अभियुक्तलाई सजाय छुट दिन सकिने अवस्था रहेको देखिएमा सरकारी वकीलले वार्ताको लागि अभियुक्त वा निजको कानून व्यवसायी वा प्रतिनिधि र अनुसन्धान अधिकारीलाई उपदफा (१) बमोजिमको सूचना दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको सूचनामा वार्ता हुने स्थान, मिति, समय, तरिका, वार्तामा उपस्थित हुने पक्ष तथा सम्बन्धित कागजात र छलफलको प्रक्रिया उल्लेख गर्नु पर्नेछ।

(४) वार्ता असफल भएमा वार्ताको क्रममा अभियुक्तबाट व्यक्त भएको भनाइ वा उपलब्ध गराइएका कागजात वा सूचना गोप्य रहने र प्रमाणमा नलिइने व्यहोराको जानकारी सरकारी वकीलले लिखित रूपमा अभियुक्तलाई दिनु पर्नेछ।

(५) कुनै कसूरमा एकभन्दा बढी अभियुक्त भएमा सजाय छुटको वार्तामा संलग्न हुन मञ्जुर गरेको अभियुक्तलाई वार्तामा सहभागी गराइनेछ।

(६) सरकारी वकीलले वार्तामा उपस्थित हुन र धारणा राख्नका लागि अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ११ को उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिम पीडित, पीडितको परिवार वा पीडितको प्रतिनिधिलाई अनुसूची-४ बमोजिमको ढाँचामा सूचना दिनु पर्नेछ।

९. **वार्ता गर्ने:** (१) दफा ८ बमोजिम वार्ताका लागि निर्धारण गरिएको मिति, समय र स्थानमा अनुसन्धान अधिकारी,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारी वकील, अभियुक्त वा निजको कानून व्यवसायी वा प्रतिनिधि र पीडितबीच वार्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वार्तामा अभियुक्त वा पीडित पक्षले भाषा नबुझेमा दोभाषेको सहायता वा सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम वार्तामा छलफल भएका विषय सरकारी वकीलले अनुसूची-५ बमोजिमको ढाँचामा अभिलेखीकरण (माइन्यूट) गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम गरिएको वार्तामा सजाय छुटको मागदाबी लिने सहमति भएमा अनुसन्धान अधिकारी, सरकारी वकील र अभियुक्त वा निजको कानून व्यवसायी वा प्रतिनिधिको संलग्नतामा अभियुक्तलाई सजायमा कति छुटको मागदाबी लिई अभियोग पेश गर्ने भन्ने विषय निर्धारण गर्नु पर्नेछ।

१०. **सम्झौता गर्ने:** वार्तामा भएको सहमति अनुसार अनुसूची-६ बमोजिमको ढाँचामा सजाय छुट मागदाबीको सम्झौता गर्नु पर्नेछ।

११. **पीडितलाई जानकारी दिने:** दफा १० बमोजिम सजाय छुटको मागदाबी लिई अभियोजन गर्ने गरी सम्झौता भएमा सरकारी वकीलले पीडित, पीडितको परिवार वा पीडितको प्रतिनिधिलाई अनुसूची-७ बमोजिमको ढाँचामा सूचना दिनु पर्नेछ।

१२. **सजाय छुट दिने मागदाबी लिई अभियोजन गर्ने:** (१) दफा १० बमोजिम भएको सम्झौताको आधारमा सरकारी वकीलले सजाय छुट दिने मागदाबी लिने निर्णय गरी प्रचलित कानून बमोजिमको ढाँचामा अभियोगपत्र दायर गर्नु पर्नेछ र यसरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अभियोगपत्र दायर गर्दा त्यस्तो सम्झौताको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णय, अभियोगपत्र तथा दफा १० बमोजिमको सम्झौताको प्रतिलिपि सरकारी वकीलले सम्बन्धित माथिल्लो सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ।

१३. **प्रक्रिया सम्पन्न गर्नुपर्ने अवधि र प्रक्रियाको समाप्तिः** (१) अभियुक्त पक्राउ परेकोमा अदालतबाट हिरासत वा निगरानी कक्षमा राख्न अनुमति प्राप्त भएको म्यादभित्र सजाय छुट दिने सम्बन्धी वार्ता लगायतका प्रक्रिया सम्पन्न गरिसक्नु पर्नेछ।

(२) वार्ता तथा सम्झौता सम्बन्धी प्रक्रिया देहायका अवस्थामा समाप्त हुन सक्नेछः-

(क) सम्झौतामा प्रक्रिया समाप्ति सम्बन्धी व्यवस्था भएकोमा सोही आधारमा,

(ख) सम्झौतामा तोकिएको समयमा सजाय छुट वा कम गर्ने मागदाबी सम्बन्धी प्रक्रिया सम्पन्न नभएमा, वा

(ग) अभियुक्तले कसूरसँग सम्बन्धित कुनै भौतिक सबूद प्रमाण वा सो सम्बन्धी सत्य तथ्य लुकाउन खोजेमा वा अभियुक्तको दाबीको तथ्यगत आधार भ्रामक, असत्य र अतार्किक भएको पुष्टी भएमा।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. **सजाय छुट मागदाबी रद्द गर्न सक्ने**: दफा १२ बमोजिम सजाय छुट दिने मागदाबी सहितको अभियोगपत्र दायर भएकोमा अभियुक्तले सम्झौता प्रतिकूल कार्य गरेमा त्यस्तो प्रस्ताव गरिएको सजाय छुटको दाबी रद्द गर्न सरकारी वकीलले अनसूची- ८ बमोजिमको ढाँचामा सम्बन्धित अदालतमा निवेदन दिनु पर्नेछ।

१५. **बहस गर्ने**: दफा १२ बमोजिम सजाय छुट दिने मागदाबी सहित दायर भएको अभियोगपत्रको सुनुवाइ तथा कारबाहीको दिन अभियोगपत्र पेश गर्ने सरकारी वकील तथा अभियुक्तको कानून व्यवसायीले अदालतमा उपस्थित भै सजाय छुट दिने सम्झौता तथा कारबाहीका बारेमा मुद्दा हेर्ने अधिकारीसमक्ष बहस गर्नेछ।

## परिच्छेद-३
## कर्तव्य तथा जिम्मेवारी

१६. **अभियुक्तको कर्तव्य**: सजाय छुटको प्रक्रियामा सहमत हुने अभियुक्तको कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) कसूरको बारेमा आफ्नो संलग्नता तथा भूमिका र त्यस सम्बन्धमा भएको सत्य तथ्य व्यहोरा आफ्नो कानून व्यवसायी, अनुसन्धान अधिकारी र सरकारी वकील समक्ष स्पष्ट रूपमा बताउने,

(ख) अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीलाई सहयोग गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सजाय छुट सम्बन्धी वार्तामा सहभागी हुने तथा सम्झौता गर्ने, र

(घ) आफूले गरेको कसूरको सम्बन्धमा स्वेच्छापूर्वक स्वीकार गर्ने।

१७. **अभियुक्तको कानून व्यवसायीको जिम्मेवारी**: सजाय छुटको प्रक्रियामा सहमत हुने अभियुक्तको कानून व्यवसायीको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) अभियुक्तलाई कसूर सम्बन्धी कानून तथा सजाय छुट सम्बन्धी व्यवस्था र परिणामका बारेमा कानूनी परामर्श उपलब्ध गराउने,

(ख) न्याय सम्पादनको क्रममा पक्षले उपलब्ध गराएको जानकारीको गोपनीयता कायम गर्ने,

(ग) सजाय छुट सम्बन्धी प्रक्रियामा अभियुक्तको तर्फबाट वार्तामा सहभागी हुने र सम्झौता गर्ने, र

(घ) सम्झौताका शर्तको पालना गर्ने।

१८. **अनुसन्धान अधिकारीको जिम्मेवारी**: सजाय छुटको प्रक्रियामा अनुसन्धान अधिकारीको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) सजाय छुटको मागदाबी सम्बन्धी कानूनी व्यवस्था बमोजिम सजाय छुट वा कम गर्ने मागदाबीको लागि अभियुक्त योग्य भए नभएको यकिन गर्ने र योग्य देखिएमा सजाय छुटको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मागदाबीको लागि प्रक्रिया प्रारम्भ गर्ने,

(ख) खण्ड (क) बमोजिम सजाय छुटको लागि अभियुक्त योग्य भएमा सरकारी वकील समक्ष सिफारिस गर्ने, र

(ग) वार्तामा सहभागी हुने र सो प्रक्रियामा सरकारी वकीललाई सहयोग गर्ने।

**१९.** **<u>सरकारी वकीलको जिम्मेवारीः</u>** सजाय छुटको प्रक्रियाका सम्बन्धमा सरकारी वकीलको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) अभियुक्त वा निजको तर्फबाट प्रतिनिधित्व गर्ने कानून व्यवसायीलाई वार्ताका लागि उपस्थित हुन अनुरोध गर्ने र वार्ता तथा सम्झौता गर्ने,

(ख) अभियुक्तलाई सजायमा छुट वा कम गर्ने दाबी सम्बन्धमा पीडितलाई आफ्नो धारणा व्यक्त गर्ने अवसर दिने,

(ग) वार्ता असफल भएमा सजायमा छुट सम्बन्धी वार्ता वा छलफलमा अभियुक्तले व्यक्त गरेका कुराको वा स्वीकार गरेको कुराको गोपनीयता कायम राख्ने र प्रमाणको रूपमा पेश नगर्ने,

(घ) सजाय छुट सम्बन्धी कारबाहीको सही ढङ्गले अभिलेखीकरण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) वार्तामा अभियुक्तले मञ्जुर गरेका शर्तहरू प्रतिविम्बित हुने गरी सम्झौता तयार गर्ने, र

(च) खण्ड (क) बमोजिमको सम्झौताको शर्त तथा अपराध पीडित संरक्षण ऐन, २०७५ अन्तर्गत अपराध पीडितको पुनर्स्थापनाको अधिकार समेतको संरक्षण हुने गरी सजाय छुटको मागदाबी लिई अभियोजन गर्ने।

२०. **<u>पीडितको जिम्मेवारी तथा अधिकार</u>**: सजाय छुटको प्रक्रियामा पीडितको जिम्मेवारी तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) कसूरको बारेमा अनुसन्धान अधिकारी, सरकारी वकील र मुद्दा हेर्ने अधिकारीले मागेको सूचना तथा जानकारी दिने,

(ख) सजायको मागदाबीमा छुट दिने प्रक्रियामा आफ्नो धारणा व्यक्त गर्न पाउने, र

(ग) अभियुक्तलाई कानून बमोजिम सजाय छुट वा कम गर्ने गरी अभियोगपत्र दायर भएकोमा सोको जानकारी पाउने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-४
## विविध

२१. **सुरक्षा दिनुपर्ने:** सजाय छुटको मागदाबीको प्रक्रियामा रहेको अभियुक्तले आफूलाई सुरक्षा खतरा महसुस गरी निवेदन दिएमा वा सुरक्षा दिनु पर्ने देखिएमा नेपाल प्रहरीले आवश्यक सुरक्षा उपलब्ध गराउनु पर्नेछ।

२२. **अनुसन्धान कार्य नरोकिने**: सजाय छुट सम्बन्धी विषय वार्ताको प्रक्रियामा रहेको कारणले मात्र कसूरको अनुसन्धान कार्य रोकिने छैन।

२३. **मिसिल खडा गरी राखु पर्ने:** सजाय छुट सम्बन्धी प्रक्रियाको लागि दिइएको निवेदन, सम्झौता लगायतका सजाय छुटको प्रक्रियामा तयार गरिएका कागजातहरु सरकारी वकीलले अलग्गै मिसिल खडा गरी गोप्य रुपमा राखु पर्नेछ र वार्ता सफल भै सम्झौता भएमा मात्र अदालतमा पेश गर्नु पर्नेछ।

२४. **प्रमाणको रूपमा पेश नगरिने**: (१) वार्ता असफल भएमा वार्ताको प्रक्रियामा दिइएको निवेदन, त्यस सम्बन्धी छलफल वा संवादका कुराहरू, वार्ताको क्रममा अभियुक्तले व्यक्त गरेका कुरा वा स्वीकार गरेको कुरा त्यस्ता काम कारबाही वा लिखत अभियुक्तको विरुद्धमा प्रमाणको रुपमा पेश गरिने छैन।

(२) वार्ता असफल भएमा वार्ताको क्रममा अभियुक्तले व्यक्त गरेको भनाइ वा उपलब्ध गराएका कागजात वा अभिलेख अभियोगपत्र दायर भएको पन्ध्र दिनभित्र सम्बन्धित अभियुक्त वा निजको प्रतिनिधिको रोहबरमा मुचुल्का खडा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी अनुसन्धान अधिकारी वा सरकारी वकीलले नष्ट गर्नु पर्नेछ।

२५. **प्रचलित कानून बमोजिम हुनेः** सजाय छुट दिने मागदाबी सम्बन्धी अन्य कार्यविधि तथा प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ ।

२६. **प्रतिवेदन दिनुपर्नेः** सरकारी वकील कार्यालयले देहायका विषयहरू उल्लेख गरी सजाय छुट दिने मागदाबी सम्बन्धी कार्यको प्रतिवेदन माथिल्लो सरकारी वकील कार्यालयमा मासिक रुपमा दिनु पर्नेछः-

(क) सजाय छुट दिने मागदाबीको प्रक्रिया अवलम्बन भएका मुद्दाको सङ्ख्या,

(ख) सजाय छुट दिने मागदाबीको प्रक्रियाबाट समाधान भएका र नभएका मुद्दाको सङ्ख्या र सोको कारण,

(ग) सजाय छुट दिने मागदाबीको प्रक्रियाबाट समाधान भएका मुद्दाको प्रकृति,

(घ) सजाय छुट दिने मागदाबीको प्रक्रियाबाट समाधानमा लागेको समय,

(ङ) सजाय छुट दिने मागदाबीको प्रक्रियामा देखिएका चुनौती,

(च) सजाय छुट दिने मागदाबी लिई अभियोगपत्र पेश भएको मुद्दामा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको सजायको प्रकार र सजायको अवधि,

(छ) सजाय छुट दिने मागदाबीको प्रक्रियाबाट पीडितले पाएको परिपूरण वा क्षतिपूर्ति,

(ज) सजाय छुट दिने मागदाबीको प्रक्रिया सम्बन्धमा अन्य सान्दर्भिक विषय।

२७. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- १
(दफा ५ सँग सम्बन्धित)

## अभियुक्तले सजाय छुटको लागि दिने निवेदनको ढाँचा

श्री ..........कार्यालय
...............

विषयः सजाय छुट सम्बन्धमा ।

..... ............ को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म ............ .. भएको ............... मुद्दाको अभियोगमा अनुसन्धानका लागि मिति...................... मा पक्राउ परी सोही मितिदेखि ............ प्रहरी कार्यालयको हिरासत/निगरानी कक्षमा रहेको छु। मेरो कानून व्यवसायी/प्रतिनिधि र अनुसन्धान अधिकारीबाट सजाय छुटको व्यवस्था बारेमा जानकारी भयो। ...... *(यहाँ जुन कानून अनुसार सजाय छुटको मागदाबी गर्ने हो सो कानूनको प्रावधान राख्ने)* अनुसार म सजाय छुटको लागि योग्य भएको तथा अनुसन्धानमा सहयोग गर्न सहमत भएकाले सजाय छुट सम्बन्धी वार्ताको लागि आवश्यक कारबाही अगाडि बढाइदिनु हुन अनुरोध गर्दछु। मेरो कानून व्यवसायी, अनुसन्धान अधिकारी र सरकारी वकील बीच हुने सजाय छुट गर्ने प्रक्रियामा सहभागी हुन मेरो मञ्जुरी रहेकोले स्वेच्छाले यो निवेदन दिएको छु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यस निवेदनमा लेखिएको व्यहोरा ठिक साँचो हो। यसमा कसैको प्रभाव वा दबाव परेको छैन। फरक परे कानून बमोजिम सहुँला बुझाउँला।

**साक्षीः**

कानून व्यवसायीको नामः ...........

दस्तखतः .........................

प्र. प. नंः ....................

अभियुक्तको नामः ...........

सहीछाप ................

मितिः .................



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२

(दफा ६ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)

## अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष पेश गर्ने सिफारिसको ढाँचा

अभियुक्तको नामः

(प्रत्येक अभियुक्तको नाम उल्लेख गरी सजाय छुटको मागदाबी लिन सिफारिस गरिए वा नगरिएको खुलाउनु पर्ने)

मुद्दाको शीर्षकः

सजाय छुट दिने मागदाबी लिन सिफारिस गरिएको ☐ नगरिएको ☐

*(यहाँ जुन कानून अनुसार सजाय छुटको मागदाबी गर्ने हो सो कानूनी व्यवस्था वा प्रावधान उल्लेख गर्ने)*

| क्र.सं. | आधारहरू |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

अनुसन्धान अधिकारीको नामः ..............................

दर्जाः ................

दस्तखतः ............................

मितिः ..................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची-३

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## सजाय छुट मागदाबीको सिफारिस सम्बन्धमा अभियुक्त वा निजको कानून व्यवसायी वा प्रतिनिधि र अनुसन्धान अधिकारीलाई वार्ताको जानकारी दिने सूचनाको ढाँचा

........................ प्रहरी कार्यालय

मितिः

अभियुक्तको नामः ..........................

कानून व्यवसायीको नामः ..........................

अनुसन्धान अधिकारीको नामः ........................

दर्जाः ..........................

**विषयः सजाय छुट मागदाबीको सिफारिसको वार्ता सम्बन्धमा**

उपर्युक्त सम्बन्धमा ........................ को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी ..................... भएको .................. मुद्दामा अनुसन्धान अधिकारी मार्फत अभियुक्त ........................ ले सजायमा छुट पाउन निवेदन गरेको र अनुसन्धानमा सहयोग गरेको समेत आधारमा अनुसन्धान अधिकारीले यस कार्यालयमा सजाय छुट मागदाबीको सिफारिस सहित अनुसन्धान प्रतिवेदन पेश गर्नु भएको/मिसिल संलग्न कागजातका आधारमा सजाय छुटको दाबी गर्ने आधार देखिएकोले सजाय छुट मागदाबीको सिफारिस सम्बन्धमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वार्ताको लागि देहायको मितिमा यहाँको उपस्थितिको लागि अनुरोध छ।

स्थानः .......... ..........................

मितिः ......................... समयः ...................

**सूचना दिनेको**

दस्तखतः .........................

नाम थरः .........................

दर्जाः .........................

कार्यालयः ............ सरकारी वकील कार्यालय ...............

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४

(दफा ८ को उपदफा (६) सँग सम्बन्धित)

**पीडित वा निजको प्रतिनिधिलाई सजाय छुटको वार्तामा उपस्थित हुन र धारणा राख्नका लागि दिइने सूचनाको ढाँचा**

............................ को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी ..................... भएको........... मुद्दामा प्रतिवादी .............. ले अनुसन्धान अधिकारी मार्फत मिति .................... मा सजाय छुट दिने मागदाबीको लागि निवेदन पेश गरेको र सो सम्बन्धमा छलफल गर्न देहायको मिति र समयमा वार्ता हुने भएकोले तपाईं श्री ................................... लाई अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ११ को उपदफा (१) को खण्ड (ग) र (घ) अनुसार सजाय छुटको वार्तामा सहभागी भै धारणा राख्न उपस्थितिका लागि अनुरोध गरिन्छ।

**वार्ता हुने मिति र स्थानः**

मितिः

स्थानः

समयः.........



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**छलफलका विषयहरूः**

(क) अनुसन्धानमा सहयोग गरेको प्रमाण

(ख) हुन सक्ने सजाय

(ग) छुट हुन सक्ने सजाय

(घ) पीडितको क्षतिपूर्ति

दस्तखतः ......................

सरकारी वकीलको नामः .........

दर्जाः ....................

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–५

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

## <u>सजाय छुटको वार्ताको अभिलेख (माइन्यूट)</u>

......पहिलो /दोस्रो वार्ता

आज मिति .............. *(यहाँ मिति उल्लेख गर्ने)* का दिन ........................... *(यहाँ जाहेरी दिने व्यक्तिको नाम थर उल्लेख गर्ने)* जाहेरीले नेपाल सरकार प्रतिवादी श्री .................... *(यहाँ प्रतिवादी/अभियुक्तको नाम थर उल्लेख गर्ने)* भएको ..................... मुद्दामा प्रतिवादी श्री ..........................*(यहाँ प्रतिवादीको नाम उल्लेख गर्ने)* ले सजाय छुट पाउन मञ्जुर गरी निवेदन गरेको र सजाय छुट दिने मागदाबीका लागि सरकारी वकील श्री ................................ *(यहाँ सरकारी वकीलको नाम उल्लेख गर्ने)* को उपस्थितिमा भएको वार्तामा देहायका विषयहरूमा छलफल गरी निर्णय गरियो।

वार्ता हुने स्थानः .......................

समयः.........देखि ........सम्म

**<u>उपस्थितिः</u>**

१.

२.

३.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**छलफलका विषयहरू:**

(क) अनुसन्धानमा सहयोग गरेको प्रमाण

(ख) हुन सक्ने सजाय

(ग) छुट हुन सक्ने सजायको प्रतिशत

(घ) पीडितको क्षतिपूर्ति

**सहमतिका विषयहरू:**

................................. ...................................

................................. ...................................

| ................ | ............... | .................. |
|---|---|---|
| अनुसन्धान अधिकारी | सरकारी वकील | पीडित/ पीडितको प्रतिनिधि |
| नामः ................ | नामः ........... | नामः ...................... |
| दर्जाः ............... | दर्जाः ........... | |

| अभियुक्त | अभियुक्तको कानून व्यवसायी |
|---|---|
| नामः............................. | नामः............................. |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-६

(दफा १० सँग सम्बन्धित)

**<u>सजाय छुट मागदाबीको सम्झौताको ढाँचा</u>**

**मुद्दा नं. ............................**

**मुद्दा ............................**

..................को जाहेरीले वादी नेपाल सरकार

प्रतिवादी.............................

**<u>सजाय छुट सम्बन्धी सम्झौता</u>**

उल्लिखित मुद्दामा वादी नेपाल सरकारको तर्फबाट ............. कार्यालयका सरकारी वकील श्री ....... ......., अनुसन्धान अधिकारी श्री ..............., प्रतिवादी श्री ............. तथा निज प्रतिवादीका कानून व्यवसायी श्री ............. प्रमाणपत्र नं. ....... ....... बीच मिति ....... देखि ......सम्म भएको सजाय छुट सम्बन्धी वार्तामा भएको सहमति बमोजिम देहायका शर्तहरू पालना गर्ने गरी यो सजाय छुट मागदाबी सम्बन्धी सम्झौता गर्न मञ्जुर भएकाले यो सम्झौता गरिएको छ।

**१. <u>कसूर सम्बन्धी सूचना र अभियोग</u> :**

.......................... .......................... ..........................

.......................... .......................... ..........................

**२. <u>सजायमा छुट हुने आधार</u> :**

(क) अभियुक्तले आफूले गरेको कसूर स्वीकार गरी बयान गरेको..................

(ख) अनुसन्धानमा सहयोग गरेको ...........................

(ग) कसूरमा संलग्न अन्य व्यक्ति वा त्यसको गिरोह वा मतियार पत्ता लगाउन वा कसूरको प्रमाण जुटाउन सहयोग गरेको ................................................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) पीडितलाई क्षतिपूर्ति दिन मञ्जुर गरेको

.........................................

**३. सम्झौताका शर्तहरू :**

(क) उल्लिखित कसूरमा अभियुक्त श्री *..........(यहाँ प्रतिवादीको नाम थर उल्लेख गर्ने)* ले आफूले गरेको कसूर स्वीकार गर्दै कानून बमोजिम हुने सजायमा छुट मागदाबीका लागि मञ्जुर रहेको र सो ब्यहोरा अदालतमा समेत बयानका क्रममा स्वीकार गर्ने र सरकारी वकीलले सो अनुसार सजाय छुटको मागदाबी लिने कुरा मञ्जुर गर्दछौं।

(ख) वार्तामा भएको सहमति अनुसार उल्लिखित कसूरमा हुने सजायमा .......... प्रतिशत छुट दिने गरी सजाय प्रस्ताव गरी अभियोजन कारबाही गर्ने कुरामा वादी नेपाल सरकार मञ्जुर गर्दछ। सो कुरामा अभियुक्त ..................... सहमत रहेको छु।

(ग) अभियुक्त ........... लाई देहायका अधिकारको बारेमा जानकारी गराईएकोः-

(१) अभियोग प्रमाणित नभएसम्म निर्दोषिताको अनुमान गरिने अधिकार,

(२) स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको अधिकार,

(३) सुनुवाइ अघि वा सुनुवाइ हुँदा मौन बस्न पाउने अधिकार,

(४) आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने अधिकार,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) सुनुवाइका बखत साक्षी परीक्षण गर्न पाउने अधिकार, (त्यस्ता साक्षीहरूको उपस्थिति हुन सक्छ तर त्यसको खर्च बेहोर्नु नपर्ने)

(घ) सजाय निर्धारण हुनु अगावै, नेपाल सरकारको तर्फबाट सजाय निर्धारणको लागि अपराध प्रभाव प्रतिवेदन वा त्यस्तै कुनै प्रमाण अदालतमा बुझाउन सक्नेछ र सजाय निर्धारण हुनु भन्दा अगावै नेपाल सरकारले कसूरको गम्भीरता बढाउने वा घटाउने परिस्थितिहरू लगायत मुद्दाको कुनै पनि परिस्थिति अदालत समक्ष पेश गर्न सक्नेछ।

(ङ) म अभियुक्तले स्वेच्छाले, कुनैपनि प्रकारको डर, धाक, धम्की र करकाप बिना यो सम्झौता गर्दछु।

४. उल्लेख भएका कसूरहरूका पीडित ................ *(यहाँ पीडितहरूको नाम उल्लेख गर्ने)* को हकमा अभियुक्तबाट देहाय बमोजिमको क्षतिपूर्ति, परिपूरण र सामाजिक पुनःस्थापना सम्बन्धी व्यवस्था गरिने कुरा मञ्जुर गर्दछु।

(क) क्षतिपूर्तिः रु ....................... *(यहाँ पीडितहरूको नाम उल्लेख गर्ने) (यहाँ कति समय भित्र कसरी कुन तरिकाबाट उपलब्ध गराउने सो व्यहोरा उल्लेख गर्ने)*

(ख) परिपूरणः ....................... *(यहाँ परिपूरण सम्बन्धी व्यहोरा उल्लेख गर्ने)*

(ग) सामाजिक पुनःस्थापना सम्बन्धी व्यवस्थाः .................. *(यहाँ कुनै त्यस्तो व्यवस्था गरिने भए सो उल्लेख गर्ने)*

(घ) अन्य ........................ *(यहाँ कुनै त्यस्तो व्यवस्था गरिने भए सो उल्लेख गर्ने)*



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. यस सम्झौताको शर्त विपरीत अभियुक्तले अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष अन्यथा बयान दिएमा वा जिकिर लिएमा वा न्यायिक प्रकृयामा सहयोग नगरेमा यो सम्झौता बन्धनकारी हुने छैन भन्ने कुरामा मन्जुरी रहेको छ।

६. सबै पक्षहरूको हस्ताक्षर भइसकेपछि सामान्यतः यो सम्झौता संशोधन वा परिमार्जन नहुने ब्यहोरा हामी सबैको जानकारीमा छ।

७. यो सम्झौता कार्यान्वयन सम्बन्धी कार्यविधिगत प्रक्रियाहरू प्रचलित कानून बमोजिम हुने ब्यहोरा हामी सबैको जानकारीमा छ।

| | |
|---|---|
| मलाई यो सजाय छुटको मागदाबीको सम्झौता गर्ने अवसर प्राप्त भयो र यसलाई मैले पूर्णरूपले बुझेको पनि छु। म स्वतन्त्र रुपमा र स्वेच्छाले यसका सबै शर्तहरू पालना गर्न स्वीकार गर्छु ।<br>मितिः ---------------------------<br>अभियुक्तः ------------------------<br>हस्ताक्षरः ------------------------ | यो सजाय छुटको मागदाबीको सम्झौतालाई<br>..............................*(सरकारी वकीलको कार्यालयको नाम उल्लेख गर्ने)* *स्वीकार* गरिएको हो।<br>मितिः ------------------------<br>सरकारी वकील : ------------<br>दर्जाः -----------<br>हस्ताक्षरः -------------------<br>छापः |

**<u>पीडितः</u>**

म ................... निम्न कुरामा मञ्जुर गर्छु वा धारणा राख्दछुः-

(क) मैले मिति ......*(सजाय छुटको मागदाबीको सम्झौता भएको मिति उल्लेख गर्ने)* को सम्झौतामा रहेका कुराहरू राम्रोसँग पढें र बुझे।

(ख) मिति .........*(सजाय छुटको मागदाबीको सम्झौता भएको मिति उल्लेख गर्ने)* मा भएको सम्झौताका शर्तहरू स्वीकार गर्दछु। सो सम्झौताको शर्तहरु बेसरोकारवालालाई भन्ने छैन ।



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) ..................................................

(घ) सम्झौता विपरीत कुनै कार्य गरेमा कानून बमोजिम सहुँला बुझाउँला।

*पीडितको सङ्ख्या अनुसार उल्लेख गर्ने*

पहिलो पीडित १..................*(यहाँ पीडितहरूको नाम ठेगाना उल्लेख गर्ने)* हस्ताक्षर..........

दोस्रो पीडित २. .................... *(यहाँ पीडितहरूको नाम ठेगाना उल्लेख गर्ने)* हस्ताक्षर .......

**<u>रोहवरः-</u>**

अनुसन्धान अधिकारीको नामः .............. *(यहाँ वार्तामा सहभागी अनुसन्धान अधिकारीको नाम, थर, दर्जा र कार्यालय उल्लेख गर्ने)*

हस्ताक्षर..........

कानून व्यवसायीको नाम : ....... ....... *(यहाँ पक्षको कानून व्यवसायीको नाम थर र प्रमाणपत्र नं उल्लेख गर्ने)*

हस्ताक्षर .......

**<u>संलग्न कागजातहरूः-</u>**

............*(यहाँ मिसिलमा संलग्न कागजातहरूको सङ्ख्या उल्लेख गर्ने)* थान कागजातहरू संलग्न मिसिल १

ईति संवत् .... साल........ महिना......... गते ........ रोज शुभम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची-७
(दफा ११ सँग सम्बन्धित)

**सजाय छुट दिने गरी सहमति वा सम्झौता भएमा पीडित, पीडितको परिवार वा पीडितको प्रतिनिधिलाई दिने सूचनाको ढाँचा**

श्री ..........................
ठेगाना:

..........................को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी....................*(यहाँ प्रतिवादीको/अभियुक्तको नाम थर उल्लेख गर्ने)* भएको मुद्दामा प्रतिवादी .................... ले आफूले गरेको कसूर स्वीकार गरी अनुसन्धानमा सहयोग गरेको हुँदा निज प्रतिवादी श्री .................... लाई प्रचलित कानून बमोजिम हुने सजायमा ............ प्रतिशत सजाय छुट दिने प्रस्तावको मागदाबी लिई अभियोगपत्र दायर गर्ने गरी सम्झौता भएकोले जानकारीका लागि यो सूचना गरिएको व्यहोरा अनुरोध गरिन्छ।

सरकारी वकीलको दस्तखत:
नाम:
दर्जा:
कार्यालयको छाप: कार्यालय:
मिति:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-८

(दफा १४ सँग सम्बन्धित)

**<u>सजाय छुटको दाबी रद्द गर्ने निवेदनको ढाँचा</u>**

श्री ............ अदालतमा पेश गरेको

निवेदन

............ जाहेरीले नेपाल सरकार <u>निवेदक</u>

वादी

विरुद्ध

............ ............ ............ ............ ............ प्रतिवादी

मुद्दा ............ ............

उल्लिखित मुद्दामा विरुद्ध खण्डका प्रतिवादी ............ ............ ............उपर मिति ..... *(यहाँ मिति उल्लेख गर्ने)* मा त्यस अदालतमा सजायमा छुट दिने प्रस्ताव गरी अभियोगपत्र दायर भएकोमा प्रतिवादी ....... *(यहाँ प्रतिवादीको नाम उल्लेख गर्ने)* ले अदालतमा बयान गर्दा अनुसन्धान अधिकारी वा सरकारी वकील समक्ष दिएको भन्दा फरक बयान दिएको/प्रतिकूल प्रमाण दिएको/कसूरमा इन्कार रही बयान गरेको/सम्झौता अनुसार सहयोग नगरेको देखिएको हुँदा उक्त अभियोगपत्रमा प्रस्ताव गरिएको छुट सजायको प्रस्ताव रद्द गरी पाउन मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपदफा (७) बमोजिम यो निवेदन पेश गरेको छु। प्रस्तुत निवेदन अभियोगपत्रको अभिन्न अङ्ग मानिपाउँ ।

छाप

निवेदक

सरकारी वकीलको दस्तखतः

नामः .........
दर्जा : .........
कार्यालयः .........

ईति संवत् ...साल......महिना........ गते ....... रोज शुभम् ।

**आज्ञाले,**
**उदयराज सापकोटा**
**नेपाल सरकारको सचिव।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.२५।-
गो.द्र.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।